**National News Bulletin** **April 14, 2025**

**प्रमुख समाचार:**

**1.सरकारद्वारा उत्तर प्रदेशमा जेवर हवाई अड्डा नजीकै एक सेमीकन्डक्टर इकाई स्थापित गर्ने स्वीकृति प्रदान।**

**2.छत्तीसगढ़मा कडेगुट्टाको पहाड़ी क्षेत्र नक्सलमुक्त।**

**3. तीन सेनाका प्रमुखहरूले राष्ट्रपति द्रौपदी मुर्मुलाई अपरेशन सिन्दूरबारे जानकारी दिए।**

**4. न्यायमूर्ति भूषण रामकृष्ण गवईद्वारा भारतका बाउन्नौ मुख्य न्यायाधीशको रूपमा शपथग्रहण**

**5. भारतकी आकर्षि कश्यप र उन्नति हुड्डा ले थाईल्याण्डको ओपन ब्याडनिण्टन टुर्नामेण्ट अन्तर्गत महिला सिंगल्सको प्री क्वारटर फाइनलमा प्रवेश।**

## Cabinet Briefing

सरकारले उत्तर प्रदेशमा जेवरहवाई अड्डा नजीकै एक सेमीकन्डक्टर इकाई स्थापित गर्ने स्वीकृति दिएको छ।

नयाँ दिल्लीमा आज सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो यो इकाई भारत सेमीकन्डक्टर मिशन अन्तर्गत एचसीएल र फक्सकनले संयुक्त रूपमा स्थापित गर्नेछन्। उहाँले भन्नुभयो संयन्त्रलाई प्रति महीना बीस हजार वेफर्सका लागि डिजाइन गरिएको छ। श्री वैष्णलले भन्नुभयो जेवरमा नयाँ सेमीकन्डक्टर ईकाईमा उन्चालिस अरब रूपियाँ निवेश गरिनेछ।

श्री वैष्णवले भन्नुभयो भारत रणनीतिक रूपले महत्वपूर्ण सेमीकण्डक्टर उद्योगलाई विकसित बनाउनमा अघि बढ़िरहेछ।

## Chattisgarh

छत्तीसगढमा कडेगुट्टाको पहाड़ी क्षेत्र नक्सलमुक्त भएको छ।

सीआर पी एफ का महानिदेशक ज्ञानेन्द्र प्रताप सिंह र छत्तीसगढ़ पुलिस महानिदेशक अरूण देव गैतमको संयुक्त प्रेस वार्तामा बताइए अनुसार छत्तीसगढ़ र तेलगांनाको सीमानामा सुरक्षा बलहरूले कठिन परिस्थिति भए तापनि विशेष अभियानमा यस क्षेत्रमा एकतीस नकसलीहरूको ज्यान लिए।

सुरक्षा बलहरूले नक्सलीहरूको हतियार बनाउने चार युनिटहरूलाई पनि ध्वस्त पारिदिए। ज्ञानेन्द्र प्रताप सिंहले भन्नुभयो एकतीस मार्च दुइ हजार छब्बीस सम्ममा देश नक्सलमुख्य हुनेछ।

## President Army chief

प्रमुख रक्षा अध्यक्ष जेनरल अनिल चौहान सेना प्रमुख जेनरल उपेन्द्र द्विवेदी,वायु सेना प्रमुख एचर चीफ मार्शल ए. पी सिंह र नौसेना प्रमुख एडमिरल दिनेश के त्रिपाठीले आज  राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गरी उहाँलाई अपरेशन सिन्दुरबारे जानकारी दिनुभयो।

सोसल मीडिया पोस्टमा राष्ट्रपतिले आतकंवाद विरूद्ध भारतको उल्लेखनीय सफल प्रतिक्रियाका लागि भारतीय सशस्त्र बलहरूको वीरता र समर्पणको प्रशंसा गर्नुभयो।

## Int. Defence Export Operation Sindoor

भारतको अपरेशन सिन्दूरलाई अन्तर्राष्ट्रि रक्षा विशेषज्ञहरूले एउटा निर्णायक सैन्य जीतको रूपमा स्वागत गरेका छन्। यीमध्ये अमेरिकाका प्रमुख सैन्य दिग्गज तथा न्यूयोर्कको आधुनिक युद्ध संस्थान प्रमुख जोन स्पेन्सर सामेल छन्।

बाइस अप्रेलको पहलगाम आतंकी हमलाको उल्लेख गर्दै श्री स्पेनसरले भन्नुभएको छ पछिल्ला घटनाहरूको विपरीत भारतले ढिलो नगरी प्रतिक्रिया देखायो।

उहाँले यस अभियानलाई तीव्र र सुनियोजित बताउनु भएकोछ।

श्री स्पेसरले परमाणु ब्लैक मेल विरूद्ध प्रधानमन्त्रीको दृढ संकल्पको प्रशंसा गर्नुभएको छ।

सोशल मीडियाको आफ्नो लोकप्रिय पोडकास्टमा उहाँले भन्नुभएको छ केवल चार दिनको सुनियोजित सैन्य कार्रवाई गरेर भारतले एउटा व्यापक जीत हासिल गरेको छ।

अष्ट्रियाका लडाकू विमान विश्लेषक तथा लेखक रम.. कूपरले पनि भारतको कार्रवाईको स्पष्ट रूपमा उल्लेख गर्नुभएको छ। सोशल मीडा पोस्टमा श्री कूपरले भन्नुभएको छ संघर्ष विरामको दिशामा अघि बढ़े सम्बन्धी पाकिस्तानको निर्णय भारतको सैन्य कार्रवाईको प्रत्यक्ष प्रमाण थियो।

दुवै विशेषज्ञहरूले अपरेशन सिन्दुरलाई सीमा पारी आतंकवाद र राष्ट्रिय रक्षाप्रति भारतको व्यवहारमा आएको एउटा महत्वपूर्ण परिवर्तन बताएका छन्।

## New CII

न्यायमूर्ति भूषण रामकृष्ण गवईले आज भारतका बाउन्नौं मुख्य न्यायधीशको रूपमा शपथ ग्रहण गर्नुभयो।

राष्ट्रपति द्रौपदी मुर्मुले आज विहान राष्ट्रपति भवनमा एउटा विशेष समारोहमा न्यायमूर्तिलाई गवईलाई पदको शपथ ग्रहण गराउनुभयो।

न्यायमूर्ति बी. आर गवईले न्यायमूर्ति संजीव खन्नाको स्थान लिनुभएको छ।

न्यायमूर्ति खन्नाको कार्याकल हिजो समाप्त भएको थियो।

यस समारोहमा उपराष्ट्रपति जगदीप धनखड़ प्रधानमन्त्री नरेन्द्र कैयौं केन्द्रीय मन्त्रीहरू र सर्वोच्च न्यायालयका न्यायाधीशहरू लगायत केही गन्यमान्य वयक्तिहरू उपस्थित थिए।

## India , Arunachal Pradhes

भारतले चीनद्वारा अरूणाचल प्रदेशका स्थानहरूलाई नयाँ नाम दिने सम्वन्धी निराधार र हास्यस्पद प्रयासहरूलाई खारिज गरेको छ।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नुभएको छ यस्तो पाइला पूर्ण रूपले अस्वीकार्य छ र भारतको सुसंगत र सिद्धान्तवादी व्यवहारको प्रत्यक्ष विरोधमा छ।

उहाँले जोड़ दिँदै भन्नुभएको छ नाम बदली गर्ने जतिनै प्रयास गरिए तापनि चीले अरूणाचल प्रदेश भारतको अविमाज्य र अभिन्न हिस्सा हो र रहनेछ भन्ने स्पष्ट र निर्विवाद सत्यलाई परिवर्तन गर्न सक्दैन।

## Shivraj Singh Chauhan

कृषि, कृषक कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहान तीन पूर्वोत्तर राज्यहरूको चार दिवसीय यात्रामा आज गुवाहाटी पुग्नु भएको छ।

आज राती काजीरंगा राष्ट्रिय उद्यानमा बसेपछि उहाँ भोलि बिहान मिजोराम प्रस्थान हुनुहुनेछ। मिजोराम र नागाल्याण्डमा उहाँले कैयौं परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

सत्र मईका दिन केन्द्रीय मन्त्री, गुवाहाटीमा प्रधानमन्त्री आवास योजनाको एउटा कार्यक्रम सामेल हुनुहुनेछ।

## India News Agencies

भारतले ग्लोबल टाइम्स शिन्दुआ न्यूज एजेन्सी र टी. आर.टी वल्डका एक्स अकाउन्टलाई देशमा प्रतिबन्धित गरेकोछ।

सूत्र अनुसार भारतमा कथित रूपमा  पाकिस्तानका लागि झुटो प्रचार गरेको विषयलाई लिएर  यी एजेन्सीहरू विरूद्ध यस्तो कार्रवाई गरिएको हो।

पीपल्स डेली अन्तर्गत सञ्चालित ग्लोबल टाइम्स एउटा अंग्रेजी दैनिक हो जसको स्वामीत्व चीनी कम्युनिष्ट पार्टीसित छ।

शिन्दुआ न्यूज एजेन्सीले पीपल्स रिपब्लिक अफ् चाइनाको आधिकारिक न्यूज एजेन्सीको रूपमा कार्य गर्छ भने टी आर टी तुर्किएको लोक सेवा प्रसारक हो।

## BSF Jawan

सीमा सुरक्षा बलका एक जवान पूर्णम कुमार श आज बिहान भारत फर्किएका छन्।

गत तेइस अप्रेलमा पञ्जाबको फिरोजपुर सेक्टरमा अन्तर्राष्ट्रिय सीमा पार गरेपछि पूर्णम कुमार श लाई पाकिस्तानी रेन्जरहरूले गिरफ्तार गरेका थिए।

## Vietnam Relies

भियतनामको राजधानी हनोईमा क्वान सू पैगोड़ा मन्दिरमा धेरै संख्यामा श्ध्यालुहरूले पवित्र बौद्ध अवशेषहरूलाई श्रध्याञ्जली अर्पण गरिरहेछन्।

भगवान बुद्धको पवित्र अवशेष भारतको सारनाथबाट पठाइएको छ।

यो अवशेष हिजो भारत र भियतनामका भिक्षुहरूले औपचारिक अनुष्ठान र प्रार्थनासँगै  बौद्ध मन्दिरमा स्थापित गरे।

अवशेष आँउदो शुक्रवारसम्म मन्दिरमा प्रदर्शित गरिनेछ।

भियतनामका राष्ट्रपति लुओंग कुओंगले भियेतनामलाई पवित्र अवशेष पठाइएकोमा भारतको प्रशंसा गर्नु भएको छ।

पवित्र अवशेष दुई मईका दिन केन्द्रीय मन्त्री किरेन रिजिजूको नेतृत्वमा प्रतिनिधि मण्डलले भारतबाट लिएर गएका थिए।

## Vice President Sikkim visit

उपराष्ट्रपति जगदीप धनखड़को आगामी शनिवर सत्र मईमा सिक्किम आउने कार्यक्रम छ।

प्राप्त जानकारी अनुसार आफनो दुई दिवसीय भ्रमणमा उहाँले विद्यालय र विश्वविद्यालयका विद्यार्थीहरूसित अन्तर्क्रिया गर्नका साथै सिक्किम विधानसभाको भ्रमण गर्नुहुनेछ।

## Shivraj Singh Chauhan

कृषि कृषक कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहान तीन पूर्वोत्तर राज्यहरूको चार दिवसीय यात्रामा आज गुवाहाटी पुग्नुभएकोछ।

आज राती काजीरंगा राष्ट्रिय उद्यानमा वसेपछि उहाँ भोलि बिहान मिजोराम प्रस्थान हुनुहुनेछ।

मिजोराम र नागाल्याण्डमा उहाँले कैयौं परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ।

सत्र मईका दिन केन्द्रीय मन्त्री गुवाहाटीमा प्रधानमन्त्री आवास योजनाको एउटा कार्यक्रममा सामेल हुनुहुनेछ।

## Nepal Sgarmatha Sambad

नेपालले आफ्नो सागरमाथा सम्वाद मञ्च सगरमाथा सम्वाद आँउदो शुक्रबारदेखि आइतवारसम्म काठमाण्डूमा आयोजित गर्नेछ।

यसमा बाह्र देशहरूका एक सय  पैंतालिस उच्च स्तरीय शीर्ष प्रतिनिधिले भाग लिनेछन्।

यो महत्वपूर्ण आयोजनमा समकालीन मुद्दाहरूमा वैश्विक क्षेत्रीय र राष्ट्रिय चर्चा हुनेछ।

नेपालका विदेश मन्त्री तथा सगरमाथा सम्वाद प्रवन्धन समितिका अध्यक्ष डा आरजू राणा  देउवाले एउटा प्रेस वार्तामा भन्नुभयो राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरूका एकसाठी प्रतिनिधिहरू लगायत तीनसय पचास प्रतिभागीहरूले जलवायु परिवर्तन पर्वत र मानवताको भविष्य विषयमाथि आयोजित सम्वादमा भाग लिनेछन्।

## Khelo India Youth Games

नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा खेल इण्डिया यूथ गेम्समा आज एथलीटहरूले आर्टिस्टिक जिम्नास्टिकमा सर्वश्रेष्ठ प्रदर्शन गरे।

बिहारमा खेलो इण्डिया यूथ गेम्सकको समापन भोलि हुनेछ।

चार मईदेखि शुरू भएको खेलको आज एघारौं दिन सिक्किमका बक्सिङ खेलाड़ी रिवाज राईले काँस्य पदक प्राप्त गरे।

## Badminton

भारतका आकर्षि कश्यप र उन्नति हुड्डाले ब्याङ्ककमा थाईल्याण्ड ओपन ब्याडमिण्टन टुर्नामेण्टको महिला सिंगल्सको प्री क्वार्टर फाइनलमा प्रवेश गरेका छन्।

आकर्षि कश्यपले जापानका काओरू सुगियामालाई २१-१६,२०-२२, २२-२० ले हराइन् भने उन्नति हुड्डाले थाइल्याण्डकी थामोनवान निथिटिकरायलाई २१-१४, १८-२१, २३-२१ ले पराजित गरिन्।

अर्कातिर पुरूष सिंगल्समा प्रियांशु राजावन र लक्ष्य सेनले आ –आफ्ना म्याचमा पराजित भएका छन्।